annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५९ पृष्ठ ८ | काठमाडौं, बिहीबार १० माघ २०८१ | मार्ग कृष्णपक्ष दशमी, नेपाल संवत् ११४५ | THURSDAY, JANUARY 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आधा वर्ष बितिसक्यो, प्रदेश सरकारको पुँजीगत खर्च सधैं झैं न्यून





विगतमा बजेट कार्यान्वयनमा असफल देखिएका प्रदेश सरकारहरूले यसपटक पनि बजेट खर्च बढाउन सकेका छैनन् । ६ महिनाको अवधिलाई हेर्दा प्रदेश सरकार यो आर्थिक वर्षमा पनि बजेट कार्यान्वयनमा चुक्ने देखिन्छ । दुई ठूला दल मिलेर बनेको सरकारको पनि यस वर्षको विकास खर्च निराशाजनक देखिएको छ । प्रदेशमा आर्थिक वर्षको अन्त्यमा मात्रै धेरै बजेट खर्च गर्ने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाउने भएको देखिन्छ ।

**किशोर बुढाथोकी** | *विराटनगर*
**मनिका झा** | *जनकपुरधाम*
**कृष्ण सारु मगर** | *हेटौंडा*
**कृष्णमणि बराल** | *पोखरा*
**केशरराज क्षेत्री** | *बुटवल*
**ललितबहादुर बुढा** | *सुर्खेत*
**परमानन्द पाण्डे** | *टीकापुर*

– को रिपोर्ट

समाचार पृष्ठ २

# वैदेशिक रोजगारमा वार्षिक साढे १४ प्रतिशत वृद्धि




**ममता थापा** | *काठमाडौं*

सरकारले युवालाई स्वदेशमै टिकाउने योजनाअनुरूप विभिन्न नीति अवलम्बन गर्दै आए पनि बर्सेनि वैदेशिक रोजगारमा बाहिरिने युवाको संख्या झन् बढ्दै गएको छ। चालु आर्थिक वर्षको ६ महिनासम्ममा मात्रै ३ लाख ९३ हजार ६७ जना वैदेशिक रोजगारमा गएका छन्। यो कुल संख्यामध्ये नयाँ श्रम स्वीकृति लिएर २ लाख २५ हजार ६ सय २५ र १ लाख ६२ हजार ६ सय २८ पुन: श्रम स्वीकृति लिएर बिदेसिएका छन्। अझ बिदेसिने कुल संख्यामा पुरुषको हिस्सा ८९ प्रतिशत (६० हजार १ सय ५३) छ भने महिला ११ प्रतिशत (७ हजार १ सय ५) छन्।

चालु आवको बिदेसिनेको तथ्यांक गत आर्थिक वर्षको तुलनामा १४.४६ प्रतिशत बढी हो। आर्थिक वर्ष २०८०/८१ को पुससम्ममा नेपालबाट ३ लाख ४३ हजार ४ सय ५ युवाहरू बिदेसिएका थिए। यसअनुसार गत आवको तुलनामा चालु आवको ६ महिनामा ४९ हजार ६ सय ६२ थप बिदेसिने युवा बढेको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ। विगत ४ आवको ६ महिनासम्म बिदेसिएको संख्यालाई आधार मान्दा वार्षिक ३ लाख ६३ हजार युवा विदेश उडेको देखिन्छ।

चालु आवको आधा वर्षमा बाहिरिएका श्रमिकको संख्याबाहेक ईपीएस कोरिया र इजरायलमा भने कुल ४ हजार ८ सय १४ युवा बिदेसिएका छन्। अझ यसरी बिदेसिएको तथ्यांकमा अध्ययनमा बिदेसिएका युवाको संख्या समेटिदैन। समग्रमा सबैलाई जोड्ने हो भने नयाँ अवसर र राम्रो आम्दानीका लागि युवाहरूको रोजाइ विदेश बनेको देखिन्छ।

वैदेशिक रोजगार विभागका अनुसार चालु आवको पहिलो अर्थात् साउनमा मात्रै ५९ हजार ५ सय ७५ जना युवा वैदेशिक रोजगारीमा बाहिरिएका छन्। यसपछि क्रमश: भदौमा ५७ हजार ४ सय ९३, असोजमा ५३ हजार ५ सय २५, कात्तिकमा ७० हजार ९ सय ९०, मंसिरमा ८४ हजार २ सय २६ र पुसमा ६७ हजार २ सय ५८ जना युवा रोजगारीमा बाहिरिएका छन्। ६ महिनामा औसत हेर्दा मासिक साढे ६५ हजार युवा रोजगारीको खोजीमा विदेश जाने गरेका छन्।

यसैक्रममा वैदेशिक रोजगारीमा जाने युवा कतिपय रहर त कतिपय बाध्यताले जाने गरेको बताउँदै वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्री धेरैजसो यहाँ भनेजस्तो रोजगार नभएपछि अझै राम्रो अवसर र राम्रै कमाईका कारण बाहिरिएको बताउँछन्। उनका अनुसार धेरैजसो नेपालमा राम्रै अवस्था भए पनि रहरले अझै राम्रो अवसरको खोजीमा बाहिरिएका छन्। 'वैदेशिक रोजगारीमा जाने, अन्तर्राष्ट्रिय बसाइँसराइ भन्ने कुराहरू नेपालमा मात्रै बढी होइन संसारभरि नै छ। अमेरिकाका मान्छे जापान क्यानडा, अस्ट्रेलियामा पनि छन्। यसर्थ अन्तर्राष्ट्रिय स्तरमै माइग्रेसनको उस्तै प्रवृत्ति देखिन्छ,' उनले अन्नपूर्णसँग भने।

वैदेशिक श्रमिकमा जाने जनशक्ति पहिलाको भन्दा विस्तारै दक्ष जनशक्ति जाने क्रम बढ्दै गएको उनको दाबी छ। वैदेशिक रोजगार विभागका महानिर्देशक खत्री भन्छन्, 'राम्रा मुलुकमा जानेहरूले भाषा र केही सीप सिकेर जाने गरेका छन्। विशेष गरेर होटलको हस्पिटालीटी, कुकिङ, वेटर, प्याकिङलगायतबारे

- बिदेसिने कुल संख्यामा पुरुषको हिस्सा ८९ प्रतिशत (६० हजार १ सय ५३) छ भने महिला ११ प्रतिशत (७ हजार १ सय ५)

जानेर र अन्य तालिम केन्द्रबाट तालिम प्राप्त गरेर विदेशी रहेका छन्।' दक्ष बनाएर वैदेशिक रोजगारमा पठाउनुपर्छ भन्ने सरकारको धारणा रहेको उनको भनाइ छ। यससँगै उनले केही सीप सिकेर जाने दक्ष जनशक्ति बढेका कारण मुलुक भित्रिने रेमिट्यान्स पनि बढेको दाबी गरे। 'दक्ष भएकाले राम्रो आम्दानी पनि भएको छ,' उनले थपे।

सबैभन्दा बढी रोजगारको रोजाइ दुबई(यूएई)

नेपाली युवाहरूको रोजगारको मुख्य देश अर्थात् गन्तव्य युनाइटेड अरब इमिरेट्स (यूएई) रहेको विभागको तथ्यांकमा उल्लेख छ। चालु आवको पुस महिनामा मात्रै उक्त मुलुकमा २१ हजार १ सय २१ जनाले श्रम स्वीकृति लिएर कामदार बनेका छन्। जसमा पुरुष १८ हजार ७ सय ९ जना र महिला २ हजार ४ सय १२ जना रहेका छन्।

बाँकी पृष्ठ ६

# मधेसको सरकारी कामकाजका लागि ५ भाषा प्रस्ताव

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेश स्थापना भएको सात वर्षपछि प्रदेशसभामा प्रदेशको सरकारी कामकाजको भाषासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ ले प्रवेश पाएको छ।

बुधबार बसेको प्रदेशसभाको बैठकमा शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले भाषासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा प्रस्तुत गरेकी हुन्। प्रस्तुत विधेयकमा नेपालीबाहेक पाँचवटा भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रस्तुत गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेस प्रदेशमा जम्मा बोलिने भाषा ६२ छन्। जसमध्ये सर्वाधिक बोलिने मातृभाषा मैथिली ४१.७३ प्रतिशत, दोस्रो भोजपुरी १८.८१ प्रतिशत, बज्जिका १८.४४ प्रतिशत, नेपाली ५.७६ प्रतिशत, थारु, ४.१७ प्रतिशत, उर्दु ४.०८, मगही, ३.५२, तामाङ १.६५ छ।

मधेस प्रदेश सरकारले प्रस्तावित गरेको कामकाजको भाषामध्ये हिन्दी यस प्रदेशमा ०.२३ प्रतिशत जनताले मात्रै बोल्छन् भने यो १०औं बोलिने भाषाको रूपमा प्रयोग भएको तथ्यांकले देखाउँछ। त्यसैगरी अंग्रेजी भाषा यस प्रदेशमा जम्मा ४५ जनाले मात्रै कामकाजको भाषाको रूपमा प्रयोगमा ल्याएको तथ्यांक छ।

'मधेस प्रदेशमा बहुसंख्यक जनताले बोल्ने नेपाली भाषाबाहेक मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र



अंग्रेजीलगायतका भाषाहरूको संरक्षण, संवर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधता, एकता र सामाजिक भाषिक न्याय काम गर्न', यो ऐन बनाइएको विधेयकको प्रस्तावनामा उल्लेख गरिएको छ।

पछिल्लो सरकारहरूले प्रदेशमा कामकाजको भाषालाई प्राथमिकता नदिएकाले हालसम्म प्रदेशको भाषा निर्धारण हुन सकेको थिएन। 'अन्य सरकारहरूले भाषाको विषयलाई किन प्राथमिकतामा राख्नु भएन त्यो त मलाई थाहा भएन तर, मैले शिक्षा मन्त्रालयको जिम्मेवारी सम्हालेको दिनदेखि नै यस विषयमा विशेष ध्यान केन्द्रित गरेर विधेयक बनाउन पहल थालेकी हुँ', मधेस प्रदेशकी शिक्षा मन्त्री तिवारीले अन्नपूर्णसँग कुरा गर्दै भनिन्, 'हामी संघीयताको मर्मलाई अपनाएर संघीय प्रणालीमा आएका हौं। हाम्रो आन्दोलन पहिचानको लागि भएको थियो जसमा हाम्रो भाषा र संस्कृतिलाई पहिचान दिलाउनु पनि मुख्य उद्देश्य थियो। तसर्थ आफ्नो पहिचान र भाषिक अधिकारका लागि पनि यो विधेयक ल्याएको छु।'

विधेयकमा मधेस प्रदेश सरकारले प्रदेशभित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठानलगायतका सरकारी कार्यालयहरूमा सरकारी कामकाजको भाषाको प्रयोग गर्ने गराउने उल्लेख छ।

यस प्रदेशमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी भाषाहरूको लागि देवनागरी लिपि र अंग्रेजी भाषाको लागि रोमन लिपि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गरिनेछ भनी विधेयकमा उल्लेख गरिएको छ। साथै नेपाली भाषाबाहेक अन्य सरकारी कामकाजको भाषामा लिखत तयार गर्दा नेपाली भाषाको अनुवाद पनि प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ।

विधेयकमा भएको व्यवस्थाअनुसार मधेस प्रदेशमा सेवाग्राहीले चाहेका सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गर्न वा प्राप्त गर्न सक्ने व्यवस्था छ।

बाँकी पृष्ठ ६